**प्रशासन** असोज २०७८, वर्ष ५२, अङ्क १, पूर्णाङ्क १३४, पृ.११६-१२४
© २०७८ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://mofaga.gov.np/news-notice/2549
ISSN: 2565-5043 Print

# सदाचार प्रवर्द्धनः भ्रष्टाचार न्यूनीकरणको आधार

**भविश्वर घिमिरे***

## लेखसार

भ्रष्टाचार र सदाचार मानव आचरण र नैतिकतासँग गाँसिएका शब्द हुन् । भ्रष्टाचार यत्रतत्र सर्वत्र फिँजारिएको छ भने सदाचार दुर्लभ जस्तै अवस्थामा छ । भ्रष्टाचार नियन्त्रण विश्व समुदायकै एक चुनौतीको रूपमा रहेको छ। सीमाविहीन आर्थिक अपराधको रूपमा विस्तार हुँदै गएको भ्रष्टाचारको स्वरूप तथा आयाम पनि क्रमशः परिवर्तन हुँदै आएको पाइन्छ। मुलुकको सामाजिक, आर्थिक एवम् मानवीय विकासको प्रमुख बाधकको रूपमा भ्रष्टाचार रहेको हुन्छ । संसारका सबैजसो मुलुकमा भ्रष्टाचारले आर्थिक विकास र समृद्धि प्राप्तिमा ठुलो चुनौती सिर्जना गरेको छ। भ्रष्टाचारजन्य गतिविधिले समग्रमा राज्यको समृद्धि, आर्थिकवृद्धि, विकास निर्माण, सेवा प्रवाह र सुशासनमा नकारात्मक प्रभाव ल्याउँछ भने शक्ति, अधिकार र सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन्छ । मुलुकको शासकीय पद्धति, प्रणाली र प्रक्रियामा नै ह्रास पुऱ्याउँदछ । सदाचार, इमानदारी, बफादारिता, उच्च नैतिक व्यवहारसँग सम्बन्धित छ । सदाचारिता स्वार्थलाई न्यूनतम् विन्दुमा राख्नेतर्फ प्रेरित गर्ने तत्त्व पनि हो । नैतिक आचरण र सदाचारयुक्त व्यवहारले सुशासनलाई प्रवर्द्धन गर्दछ। स्रोत साधनको संरक्षण, पारदर्शी, नागरिकमैत्री व्यवहार तथा सभ्य कार्यसंस्कृतिले मात्र भ्रष्टाचारको अन्त्य तथा सदाचारको जन्म गराउँदछ।

*शब्दकुञ्जीः पारदर्शी, शपथ, अतिरिक्त शुल्क, आचारसहिता, उच्च मनोबल, सदाचार*

## विषयप्रवेश

राज्य सञ्चालनको प्रारम्भदेखि नै सार्वजनिक कोषको खर्च संवेदनशील र सरोकारको विषय बन्दै आएको छ । नेपालमा भ्रष्टाचारको सुरुवात कहिले र कसको पालादेखि भयो भनेर आधिकारिक जानकारी फेला पार्न नसकिए पनि पृथ्वीनारायण शाहको शासनमा पनि भ्रष्टाचार रहेको इतिहासमा पढ्न पाइन्छ। '*न्याया निसाफ बिगार्न्या भन्याका घुस लिन्या र घुस दिन्या हुन, यिन दुईको धनजीव गरिलियाको पनि पाप छैन,*

* *तथ्याङ्क अधिकृत, नेपाल सरकार*
*इमेलः bhabishor91@gmail.com*

*यी राजाका महासतुर हुन्'* भनी शाहले भनेका थिए। यसरी आजसम्म पनि भ्रष्टाचार जीवित नै छ । यो नियन्त्रण हुनुको सट्टा झन्झन् बढ्दो गतिमा छ, त्यसैले भनिन्छः भ्रष्टाचार समाजको रोग हो । आर्थिक अपराध हो । सरकारी संयन्त्रको धमिरा हो । सभ्य समाजको लागि प्रदूषण हो । विकासको बाधक हो। अतः भ्रष्टाचार नीतिगत र कार्यगत दुवै रूपमा हुने गर्दछ । वस्तु तथा सेवा सुविधाको आदानप्रदान गर्दा लिइने नगद वा जिन्सी, छिटो काम वा फर्जी काम बापतको अतिरिक्त शुल्क हो । जसको साक्षी पनि सेवाग्राही हुन्छ र पीडित पनि सेवाग्राही नै हुन्छ । आधुनिक राज्य व्यवस्थाले पनि सार्वजनिक कोषलाई व्यवस्थित गर्न संविधान, कानुन, सिद्धान्त तथा संस्थागत व्यवस्था गरेको छ । नेपालमा संविधानले पनि आर्थिक कार्यप्रणालीलाई प्रभावकारी बनाउने प्रयत्न गरेको छ । कानुनी प्रबन्ध र संस्थागत व्यवस्था हुँदाहुँदै पनि भ्रष्टाचारजन्य क्रियाकलापले भने प्रश्रय पाइराखेको देखिन्छ ।

सन् २०१९ को Corruption Perception Index मा नेपालले ३४ अङ्क पाएर ११३ श्रेणीमा आफूलाई राखेको छ । जुन सन् २०१८ मा ३१ र १२४ रहेको थियो भने सन् २०१७ मा ३१ र १२२ रहेको थियो । डेनमार्क र न्युजिल्यान्ड भने ८७ अङ्क ल्याएर पहिलो स्थानमा रहेका छन् भने सोमालिया ९ अङ्क ल्याई १८० औं अर्थात् अन्तिम स्थानमा रहेको छ । सार्क मुलुकहरूमा पाकिस्तान, बङ्गलादेश, माल्दिभ्स र अफगानिस्तानभन्दा नेपाल माथि रहेको छ । अहिले भ्रष्टाचार विश्वव्यापी महारोगको रूपमा फैलिरहेको छ। यसको नियन्त्रणबिना कुनै पनि हालतमा नयाँ नेपालको निर्माण हुन सक्दैन । तसर्थ, अनुचित कार्य विरुद्धमा राजनीतिज्ञ, प्रशासक, नागरिक समाज, आम सञ्चारकर्मी, नेपाली नागरिक सबै निःस्वार्थपूर्वक लाग्नुपर्ने देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विभिन्न प्रतिवेदनअनुसार कर्मचारी, जनप्रतिनिधि र बिचौलियाबाट हुने गरेका भ्रष्टाचारजन्य कार्यलाई आर्थिक वर्षअनुसार उल्लेख गरिएको छ। आर्थिक वर्ष २०७४/७५ मा रिसवतमा ९७, नक्कली प्रमाणपत्रमा ६४, सार्वजनिक सम्पत्तिको हानिनोक्सानीमा १३, गैरकानुनी लाभहानिमा ८, राजस्व हिनामिनामा ५, गैरकानुनी सम्पत्ति आर्जनमा ४ र विविधमा ३ गरी कुल १९४ मुद्दा मात्र विशेष अदालतमा दर्ता भएका थिए भने आर्थिक वर्ष २०७५/७६ मा जम्मा ३५१ वटा मुद्दा दर्ता भएको देखिन्छ।

आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७६/७७ सम्म आइपुग्दा कर्मचारी तथा जनप्रतिनिधि वृतमा हुने भ्रष्टाचारजन्य कार्यकलापहरूको वृद्धिदर निकै उच्च रहेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा ४४१ वटा मुद्दा दर्ता भएको देखिन्छ भने आर्थिक वर्ष २०७५/७६ मा ३५१ वटा मुद्दा दर्ता भएको देखिन्छ । यसरी हेर्दा मुद्दा दर्ताको वृद्धिदर २५.६४ प्रतिशतले बढेको देखिन्छ । दायर गरिएका भ्रष्टाचारसम्बन्धी ४४१ वटा मुद्दामा १,२१० जना आरोपीलाई प्रतिवादी बनाइएको छ ।

आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७६/७७ को तीन वर्षको अवस्थाको विश्लेषण गर्दा राजस्व हिनामिनाको अनुपात तुलनात्मक रूपमा कम रहेको देखिन्छ भने घुस वा रिसवत लिनेको अनुपात धेरै

देखिन्छ । त्यस्तै सार्वजनिक सम्पत्तिको हानिनोक्सानीको अवस्था हेर्दा सुरुको दुई आर्थिक वर्षमा तीन गुणाले वृद्धि भएकोमा पछिल्लो दुई वर्षमा दोब्बर वृद्धि भएको देखिन्छ । मुद्दाका विभिन्न किसिमअन्तर्गत नक्कली शैक्षिक प्रमाण पत्रको दुरुपयोगको दर भने यस आर्थिक वर्षमा गत सालको भन्दा ८८ बाट घटेर ८६ भएको देखिन्छ । बाँकी सबै मुद्दाहरू भने गत आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा वृद्धि नै भएको देखिन्छ । यसबाट सहजै अनुमान गर्न सकिन्छ कि कर्मचारी, जनप्रतिनिधि तथा बाह्य बिचौलियाहरूबाट भ्रष्टाचारजन्य गतिविधिहरू वर्षेनी वृद्धि भइरहेका छन् । आर्थिक वर्ष २०७६/७७ मा मुद्दा दर्ताका आरोपीका आधारमा हेर्दा सहायक तथा सहयोगी कर्मचारी तुलनात्मक रूपमा धेरै ४४१ रहको देखिन्छ भने सबैभन्दा कम निर्वाचित वा मनोनित प्रतिनिधिहरू ७२ रहेको देखिन्छ । विश्वव्यापी रूपमा हेर्दा पनि जुन देशमा व्यापक मात्रामा भ्रष्टाचार हुने गरेको छ त्यस्ता देशहरू विकासमा पछाडि परेका छन्। डेनमार्क, न्यूजिल्याण्ड, फिनल्याण्ड, स्वीडेन, नेदरल्याण्ड, नर्वे, स्वीजरल्याण्ड, सिङ्गापुर, क्यानडा, जर्मनी जस्ता देशहरू राम्रो सुशासन अर्थात् कम भ्रष्टाचार भएको कारणले नै विकसित देशका रूपमा स्थापित भएका छन् ।

सदाचार व्यवहारमा गर्नुपर्ने राम्रो आचरण, असल चालचलन वा सद्व्यवहार हो । कुनै कर्मचारी आफ्नो विषयक्षेत्रमा विज्ञ र निपुण छ तर त्यो कर्मचारीसँग सदाचारिता छैन भने त्यसले निजामती सेवाको गरिमालाई कायम राख्न सक्दैन । सदाचार विशिष्ट प्रकारको गुण हो । भ्रष्ट आचरण नगर्नु नै सदाचार हो । अरूले नदेखेको समयमा पनि सही काम गर्नु, नधर्मराउनु सदाचार हो । एक्लै हुँदा पनि गलत काम गर्न नचाहनु, गलत काम गर्न आफैसँग सर्म मान्नुले सदाचारलाई सङ्केत गर्दछ। सुशासनको एक महत्त्वपूर्ण खम्बा सदाचार भएकोले त्यसलाई हासिल गर्न सार्वजनिक क्षेत्रका सबै पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीले देशको संविधान, कानुन र सम्बन्धित संस्थाको कार्य प्रगतिअनुरूपको आचरणको पूर्ण पालना गर्नुपर्ने हुन्छ। नैतिकवान् र सद्गुणी आचरणले व्यक्ति, परिवार समाज र राष्ट्रलाई सकारात्मक ऊर्जा प्रदान गर्दछ र मर्यादित बनाउँदछ । सदाचारले सबैप्रति सम्मानजनक व्यवहार गर्न हौसला दिने गर्दछ । सदाचारयुक्त आचरण भएका व्यक्तिहरूले जीवनको सबै पक्षहरूमा नैतिक आचरण तथा नैतिक सिद्धान्तहरू पालना गर्ने गर्दछन् । कामका क्षेत्रहरूमा स्वच्छ निर्णय लिने, सहकर्मीहरूसँग सकारात्मक हुने तथा ग्राहक वा सेवाग्राहीहरूलाई अपेक्षित सेवा दिने जस्ता क्षेत्रमा भूमिका विस्तार गर्नुपर्दछ भन्ने मान्यता सदाचारले राखेको हुन्छ। यसर्थ सदाचारिताका मूल मन्त्रहरूमा दयालु, सम्मानजनक व्यवहार शैली, इमानदारी, विश्वसनीयता, मेहनती, जिम्मेवार, सहयोगी र सहनशीलता रहेका छन् । Index of Public Integrity का अनुसार नेपालको सदाचारको अवस्था सन् २०१९ मा ६.२१ अङ्कसहित ११७ मुलुकमा ७२ औं अवस्थामा रहेको छ जुन सन् २०१७ मा ६.२७ अङ्कसहित ६२ औं स्थानमा रहेको थियो। सन् २०१९ को प्रतिवेदनमा युरोपियन मुलुक नर्वे भने ९.६१ अङ्कसहित पहिलो स्थानमा रहेको छ ।

## सदाचार संहिता र कार्यव्यवहारहरू

- शासकीय सुधार र सुशासन कायम गर्ने,

- प्रशासनिक मूल्य र मान्यताको पालना गर्ने,
- सेवाग्राहीप्रति असल व्यवहार प्रदर्शन गर्ने,
- पारदर्शी व्यवहार गर्ने,
- पेसागत मर्यादाको पालना गर्ने,
- आर्थिक अनुशासन र स्वच्छतापूर्ण व्यवहार प्रदर्शन गर्ने,
- सार्वजनिक हितको प्रवर्द्धन र सम्पत्तिको संरक्षण गर्ने,
- सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताको संरक्षण र पालना गर्ने,

सदाचारिता मानव जातिका लागि अमूल्य गहना हो । पछिल्लो समय सार्वजनिक प्रशासनमा देखिएका भ्रष्टाचारजन्य गतिविधिले सदाचारिता र सत्कर्मलाई आवश्यक र अपरिहार्य तत्त्वको रूपमा चिनाएको छ। सदाचारिताका केही अपरिहार्य गुणहरूलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ।

- आफ्नो कर्तव्य, जिम्मेवार र दायित्वलाई पूर्ण पालना गर्न,
- पेसागत आचरणको स्वतःस्फुर्त पालना र व्यावसायिक गुणको निरन्तर प्रदर्शन गर्न, आफ्नो सङ्गठन र सेवाप्रति जनविश्वास सिर्जना गर्न,
- सार्वजनिक कोष र सम्पत्तिको उचित र मितव्ययी तवरले उपयोग गर्न,
- स्वच्छ, निष्पक्ष, छरितो प्रभावकारी र संवेदनशील तवरले सार्वजनिक मामिलाको व्यवस्थापन गर्न,
- कानुनको पूर्ण पालना गर्ने तथा न्यायको प्रत्याभूतिका लागि सक्रिय भई काम गर्न,
- व्यक्तिगत तथा समूहगत निहित स्वार्थका लागि सार्वजनिक शक्ति, अधिकार र स्रोतको दुरुपयोग गर्नबाट रोक्न,
- सार्वजनिक नीति वा सेवासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सरोकार भएका व्यक्ति वा समूहबाट कुनै पनि लाभ, उपहार, सम्मान वा आतिथ्य ग्रहण नगर्न,
- आफू कार्यरत निकायका काम र कार्यविवरणलाई सार्वजनिक गर्न,
- लोकतन्त्रका मूल्य मान्यता र अवधारणामा आस्था एवम् विश्वास कायम गर्न,
- सपथ ग्रहणको मनन र स्मरण निरन्तर गरिराख्ने,
- नैतिक आचरण र स्वच्छ एवम् पारदर्शी कार्य व्यवहारबाट कहिल्यै नचुक्ने ।

जबसम्म समाजमा भएका यावत् विकृति, विसङ्गति अनि विकारसँग एकाकार हुँदै गएको हाम्रो व्यक्तिगत व्यवहार र जीवनशैलीलाई सत्मार्गमा ल्याएर आफूमा सदाचारिता प्रवर्द्धन गर्न सक्दैनौं तबसम्म सार्वजनिक निकायबाट मात्र सुशासनको परिकल्पना गर्नुको अर्थ रहँदैन । आममानिसको व्यक्तिगत सोच, विचार र व्यवहारमा परिवर्तन नगर्ने तर सुशासन र समाधान प्रशासन र राजनीतिबाट मात्र खोजियो भने उपलब्धि हासिल गर्न सकिँदैन। अतः सुशासन र सदाचारिता सबैको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ। हाम्रो लागि संविधान, कानुन, नीति, योजना, कार्यक्रममार्फत अधिकांश विषयमा नैतिकता र सदाचारजन्य पर्याप्त व्यवस्था छ तर हामी व्यवहारमा विचलित छौं । हाम्रा प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न सकेका

छैनौं । भ्रष्टाचार नियन्त्रणको विषयलाई शासन, सेवा प्रवाह, विकास र समृद्धिका मुद्दामा सही रूपमा संरचनागत, प्रणालीगत तथा कार्यगत रूपमा आबद्ध गर्न सकेका छैनौं । जसले गर्दा अझै पनि सदाचारले हाम्रो समाजमा पूर्ण स्थान पाउन सकेको छैन । विद्यालय र विश्वविद्यालयमा उत्प्रेरणाका सिद्धान्त पढेर व्यक्ति उत्प्रेरित हुँदैन, न त सदाचारका तालिमबाट दीक्षित भएर व्यवहारमा लागु गर्छ । विचार र भावनामा सदाचारी जो पनि हुनसक्छ तर व्यवहारमा सदाचारी देखिन कठिन छ। यसका लागि प्रवृत्तिमा सुधार गर्नु पर्दछ ।

## सदाचार पद्धतिको विकासका लागि भएका प्रयासहरू

संविधान, नीति, रणनीतिहरूमा सदाचारजन्य व्यवहार र पद्धतिको विकासका लागि व्यवस्था गरिएका छन्। त्यसैगरी संवैधानिक निकायको रूपमा अक्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, निर्वाचन आयोग र सरकारी संयन्त्रअन्तर्गत राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग लगायत पनि छन् । नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउने नीति अवलम्बन गरिने कुरा उल्लेख छ । चालु पन्ध्रौं योजनाले शासकीय सुधार, प्रशासकीय सुशासन र भ्रष्टाचार नियन्त्रणअन्तर्गत प्रशासनिक सुशासन, वित्तीय सुशासन, भ्रष्ट्राचार नियन्त्रण, जनमुखी शासन प्रणाली, व्यावसायिक कार्यसंस्कृति, अनुमानयोग्य सार्वजनिक प्रशासन, सदाचारयुक्त समाज निर्माण, प्रशासनिक र राजनैतिक सुमधुरता आदि विभिन्न शीर्षकमा सदाचार निर्माण गर्दै कर्मचारीलाई स्वच्छ, जनमुखी, उत्तरदायी, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउनको लागि लिनुपर्ने परिमाणात्मक लक्ष्य, रणनीति, कार्यनीतिहरू उल्लेख गरेको छ।

नेपालको सार्वजनिक प्रशासनमा सदाचारिता एक अत्यावश्यक तत्त्वको रूपमा रहेको छ। नेपालको सार्वजनिक प्रशासनको मियोको रूपमा रहेको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, जवाफदेही र उत्तरदायी बनाउन निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० मा निजामती कर्मचारीहरूको लागि विभिन्न आचरणहरूको व्यवस्था गरेको छ । यसका साथै सामाजिक व्यवहार सुधार ऐन, २०३१, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, सुशासन ऐन, २०६४, सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिता, २०६८ लगायत कानुनी व्यवस्था गरिएको छ। मुलुकमा नीति निर्माता एवम् निर्णयकर्ताहरूले कार्यसम्पादनमा राज्यको बृहत् हितलाई भन्दा आफ्नो फाइदा र आफूलाई केन्द्रमा राखेर निर्णय गर्दा सदाचार र नैतिकताको विषय ओझेलमा पर्छ । हरेक ससाना गतिविधिलाई कानुनी कारबाहीबाट मात्र नियन्त्रण गर्ने विषय धेरै चुनौतीपूर्ण हुन्छ । नैतिकता र सदाचारलाई व्यक्तिको उत्प्रेरणा र सद्व्यवहारको आधारको रूपमा लिन सकिन्छ । सार्वजनिक सेवा प्रवाहका लागि उत्प्रेरित भई सो सेवामा प्रवेश गर्नेहरू सुरुका दिनदेखि नै उच्च मनोबलका साथ नैतिकताको मार्गमा हिँड्नु

जरुरी हुन्छ। सार्वजनिक सेवामा प्रवेश गर्ने व्यक्तिको इच्छा, विश्वास, शिक्षा आदिले उसको कार्यसम्पादनमा समेत असर पुऱ्याउँछ। नैतिकताको विषयले व्यक्तिले गर्ने कर्मलाई निर्देशितसमेत गर्ने हुँदा सार्वजनिक पदमा आसीन हुनेहरूका लागि यो महत्त्वपूर्ण विषय भएर आएको छ। स्पष्ट राजनैतिक प्रतिबद्धता र संकल्प, प्रशासनिक सक्रियता र पारदर्शिताबिना भ्रष्टाचार तथा अनियमितता नियन्त्रण तथा रोक्न सकिँदैन। यसको लागि दृढ राजनैतिक संकल्प, प्रशासनिक प्रतिबद्धता आवश्यक पर्दछ। यस्तो संकल्पले मात्र अवाञ्छित अनियमितता रोकी सुशासन कायम गर्न सहयोग गर्दछ । भ्रष्टाचार नियन्त्रण र सदाचारिता प्रवर्द्धन गर्न मुख्यतया मानवीय आचरण र नैतिकतामा सुधार गर्नुपर्दछ। यसबाहेक अबका हाम्रा रणनीति र कार्यक्रमलाई निम्नअनुसार केन्द्रित गर्न सकेमा यो क्षेत्रमा सफलता प्राप्त गर्न त्यति असम्भव पनि देखिँदैन।

## अब के गर्ने ?

(क) सरकारको काम कारबाहीलाई खुल्ला, पारदर्शी, प्रभावकारी तथा दिगो र परिणाममुखी बनाउने,

(ख) सदाचारयुक्त, उच्च नैतिकवान भएका जिम्मेवार कर्मचारीहरूलाई सार्वजनिक गरी सार्वजनिक व्यक्तित्वका रूपमा स्थापित गर्ने,

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा नैतिकतासहितको राजनैतिक इच्छाशक्तिको जगमा प्रभावकारी कानुनको तर्जुमा एवम् कार्यान्वयन गरी पारदर्शी र उत्तरदायी सार्वजनिक सेवा बनाउने,

(घ) नागरिकका गुनासाहरूको सुनुवाइ, सूचनाको पहुँच निर्माण गर्न सहज र सरल प्रणालीको स्थापना गर्ने,

(ङ) राजनीतिलाई नैतिकवान् बनाउन भ्रष्टाचारमुक्त राजनीति क्षेत्र घोषणा गर्ने,

(च) अख्तियारको कार्यसम्पादनमा लाग्ने गरेको आरोप चिर्दै कसुरदार कसैलाई नछाड्ने नीति व्यावहारिक रूपमा अवलम्बन गर्ने,

(छ) भ्रष्टाचारीलाई हुने गरेका राजनैतिक संरक्षण र ढाकछोप अन्त्य गर्नुपर्ने,

(ज) भ्रष्टाचार जरैबाट उखेल्नका निमित्त निजी क्षेत्रका पेसा व्यवसायमा व्यावसायिकता, नैतिकता र जनमानसमा चेतना अभिवृद्धि गर्नेतर्फ कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गर्ने,

(झ) दिगो विकास र सुशासनका लागि राज्य, नागरिक समाज र निजी क्षेत्रबिच समन्वय र सहकार्य वृद्धि गर्दै खुला सरकार साझेदार नीति अवलम्बन गर्ने,

(ञ) सरकारी कार्यालयबाट प्रदान गरिने सेवा, सुविधा, अवसर र निर्णयहरूलाई पारदर्शी बनाउन तथा नागरिकलाई सहज पहुँचमा पुऱ्याउन कार्यालयहरूमा सूचना प्रविधिको प्रयोग गर्ने,

(ट) नागरिक र सेवाग्राहीबिच सेवा प्रवाह, स्रोत र साधनका बिच सामञ्जस्यता कायम गर्न र सरकारले गरेका कामको जानकारी तथा सुझाव सङ्कलन गर्नका लागि संवाद, छलफल, सुनुवाइका माध्यम अपनाउने,

(ठ) कार्यालयबाट प्रदान गरिने सेवा सरल, छिटो छरितो र सहज बनाउने । भ्रष्टाचारमा कसुरदार ठहरिएमा कडा कारबाही गर्ने संयन्त्र विकास र कार्यान्वयन गर्ने,

(ड) भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने,

(ढ) प्रचलित कानुनबमोजिम सरकारका कामहरूलाई पारदर्शिता, जवाफदेही बनाउन सार्वजनिक सुनुवाइसम्बन्धी कार्यविधि, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण जस्ता विधिहरू प्रयोग गर्ने,

(ण) प्रचलित कानुनबमोजिम स्थानीय सरकारले सुशासनको मापनका लागि न्यूनतम सर्त तथा कार्यदक्षता मापन गर्ने सूचकहरू वा सुशासन मापन विधिको उपयोग गर्ने,

(त) नागरिकहरूलाई नीति निर्माण, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा विकासको प्रतिफल प्राप्तिमा सहभागी गराउने,

(थ) सुशासन प्रवर्द्धनका लागि सबै निकायहरूमा सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग गर्ने। जस्तैः नागरिक बडापत्र, गुनासो अभिलेखन र व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि कार्ड, नागरिक सहायता कक्ष आदि,

(द) सुशासन, पारदर्शिता र जवाफदेहिताका आधुनिक औजारहरूको नियमित प्रयोग गर्ने र त्यसको पृष्ठपोषण तथा सुझावका आधारमा समग्र नीति, नियम र कार्यप्रणालीमा सुधार गर्न,

(ध) सरकारका तीनवटै तहमा पदाधिकारी र कर्मचारीको आचारसंहिता बनाउन लगाउने र पालना गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने,

(न) सरकारी कार्यलयबाट निर्माण हुने नीतिहरू र योजना निर्माणमा नागरिकहरूको सहभागिता हुने प्रणाली विकास गर्ने,

(प) सदाचारलाई महत्त्व दिने कर्मचारीहरूको छनौट गर्ने र उनीहरूलाई संस्थामा टिकाइराख्ने,

(फ) सेवा प्रवेश एवम् सेवा अवधि भरमा पेसागत र नैतिकस्तर कायम गर्ने किसिमको उपयुक्त तालिम नीति अवलम्बन गरिनुपर्ने,

(ब) निजीक्षेत्रमा पनि आचारसंहिता तयार गरी व्यावसायिक कार्यपद्धतिको विकास गर्ने र अनावश्यक, गलत र भ्रष्टाचारजन्य कार्यलाई उपयुक्त दण्डको व्यवस्था तथा घुस लिने दिने कार्यलाई पूर्ण निरुत्साहित गर्ने,

(भ) आचारसंहिता निर्माण गर्दा धेरै आदर्शवादी कुरा राख्नुको सट्टा व्यावहारिक तथा कार्यान्वयन हुनसक्ने विषयहरू मात्र समावेश गर्ने,

(म) भ्रष्टाचार नियन्त्रण गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग मात्र हो भन्ने आम मानसिकता त्यागेर सबै सार्वजनिक निकायहरू भ्रष्टाचारविरोधी संस्था हुन् भन्ने वातावण तयार गर्नुपर्ने।

नागरिक हितका लागि भ्रष्टाचार नियन्त्रण गर्न उपयुक्त नीति निर्माण र कार्यान्वयनमा जोड दिनैपर्दछ। भ्रष्टाचार नियन्त्रण कार्यमा सुधार गर्दै दबाब समूहहरूसँग सिर्जनात्मक सहकार्यको वातावरण तयार गर्दै नागरिकस्तरमा चेतना फैलाउन सरकारी र सामाजिक तहबाट भ्रष्टाचार गरेर वा पदीय, हैसियत र वैध पदीय आम्दानीभन्दा बढी लगानी, खर्च, सामाजिक रवाफ, घर भवन, जग्गा जमिन आदि जोडी भ्रष्टाचारमा संलग्नउपर सामाजिक बहिष्कारको नीति सामाजिकस्तरबाटै सुरुवात गर्नु आवश्यक छ । सदाचार र पारदर्शितालाई नेतृत्वको मानक मान्न सके र भ्रष्टाचारको जघन्य अपराध रोक्न न्यायपालिकाको कार्यक्षेत्रमा

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतासमेत विस्तार एवम् कार्यान्वयन गर्न सकेमा सामाजिक न्याय स्थापित हुनसक्छ । देशमा सुशासनका लागि लागि नागरिक पनि जिम्मेवार हुनुपर्छ । विधिको शासन, सदाचार पद्धतिको विकास, प्रशासनिक निर्णय परिपाटीमा सुधार तथा सार्वजनिक निकायका काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता सुशासनका न्यूनतम आधार हुन् । सूचना तथा सञ्चारको माध्यमबाट पारदर्शिता अपनाएर समयमा नै जनतालाई सही सूचना प्रवाह गरी नागरिकको सशक्तिकरण गर्न सकियो भने पनि भ्रष्ट्राचार नियन्त्रणमा ठुलो भूमिका खेल्न सकिन्थ्यो । खासगरी नेपाल जस्तो भूपरिवेष्ठित मुलुकहरू र खुला सीमाना भएका मुलुकहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कमजोरीहरूको गलत फाइदा लिएर भ्रष्ट्राचार वृद्धि हुने गरेको देखिन्छ । यसरी हुने गरेका गलत गतिविधिहरूलाई समयमै रोकथाम गर्ने चासो नागरिकले पनि लिएर आआफ्नो स्थानबाट सक्रिय रूपमा लाग्नै पर्दछ। सदाचार गुमाएका व्यक्तिको आचरणका बारेमा अनुमान गर्न सकिँदैन। प्रशासकीय पद्धतिमा त्यस्ता आचरणमुक्त व्यक्तिको उपस्थितिले शासन प्रणालीलाई भताभुङ्ग पार्छ। यसर्थ सदाचारको विपरीत अवस्था नै भ्रष्टाचार भएकोले मिहिनेतबिना नै धन आर्जन गर्न खोज्ने व्यक्तिले छोटो उपाय खोजी गर्छन्। त्यस्ता कर्मचारीले निजामती सेवाका मूल्यसँग सम्झौता गर्छन् र भ्रष्टाचारमा अभ्यस्त रहिरहन्छन् ।

## निष्कर्ष

सुशासनबिना मुलुकमा दिगो शान्ति विकास र समृद्धि सम्भव नहुने हुँदा भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित गर्न सदाचार पद्धतिको प्रवर्द्धन गर्दै भ्रष्टाचारमुक्त समाज निर्माणमा सबै तह, निकाय र समाजको अग्रसरता जरुरी रहन्छ । जनप्रतिनिधि, कर्मचारी र विद्यार्थीहरूमा सदाचार र भ्रष्टाचार विपरीतको भावना र सङ्कल्पको विकास गरी सुशासन प्रवर्द्धनमा ठुलो सहयोग पुऱ्याउँदछ। समाजमा नीति र नियत तथा पद्धति र प्रवृत्तिका बिचमा द्वन्द्व रहेको हुँदा सदाचारयुक्त पद्धति र कार्यप्रणालीको विकासका लागि सबैको एकीकृत र सङ्गठित प्रयास अपरिहार्य हुन्छ । भ्रष्टाचार विरुद्धको अभियानमा भ्रष्टाचारजन्य कार्यहरूबारे सूचना सम्प्रेषण गर्ने कार्य हामी नागरिकबाट नै हुनुपर्दछ । नागरिकले पनि चासो लिनुपर्छ । मैले मात्रै गरेर के हुन्छ भन्ने भावनाबाट एक कदम उठेर अरुले गर्लान् या नगर्लान् मैले चाहिँ गर्नुपर्छ भन्ने भावनासहित अगाडि बढ्नुपर्छ । यसको नियन्त्रणका लागि नागरिक समाज, जागुरुक युवा, अनुयायीहरू, सामाजिक अभियन्ता, प्रेस तथा मिडिया, स्वतन्त्र र सक्षम न्यायपालिकाले अर्थपूर्ण भूमिका खेलिदिनुपर्दछ । सदाचार, नैतिकता, इमानदारी र मानवीय मूल्य मान्यतालाई जीवनका आधारभूत मन्त्रका रूपमा विकास गरिँदै जानाले पनि भ्रष्टाचार विरुद्धको मत बलियो बनाउँदै जान सहयोग पुग्दछ । समाज तथा सार्वजनिक क्षेत्रमा भइरहेको सदाचार र नैतिक आचरणको स्खलनको प्रत्यक्ष र नकारात्मक असर सुशासनमा पर्दछ भन्नेतर्फ सबै सजग र सचेत हुनु जरुरी रहन्छ । अब भ्रष्टाचार नियन्त्रण सरकारको एक्लो प्रयासबाट मात्रसम्भव देखिँदैन । अतः भ्रष्टाचारको अन्त्य राजनीतिज्ञ, कर्मचारी तथा सबै नागरिकको सामूहिक प्रयास, प्रतिबद्धता र सङ्कल्पबाट मात्र सम्भव हुने देखिन्छ ।

## सन्दर्भ सामग्री

अख्तियार दुरुपयोग अनुसन्धान आयोग (२०७७), *अख्तियार ई बुलेटिन,* अङ्क १, वर्ष १६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, *वार्षिक प्रतिवेदनहरू,* अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

अधिकारी, तारानाथ (मिति.), *निजामती सेवामा सदाचारिता,* तारानाथ अधिकारी ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (२०१९), *करप्सन परसेप्सन इन्डेक्स,* ट्रान्सपरेन्सी इन्टरनेशनल ।

*नेपालको संविधान, २०७२,* कानुन किताब व्यवस्था समिति (२०७२) ।

*सदाचार संहिता, २०७५,* गृह मन्त्रालय (२०७५)।

*सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४,* कानुन किताब व्यवस्था समिति (२०६४) ।

*सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५,* कानुन किताब व्यवस्था समिति (२०६५) ।

*सुशासन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७६,* मुसिकोट नगरपालिका (२०७६)।